# नेपाल राजपत्र

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २३ ] काठमाडौं, चैत्र २० गते २०३० साल [ अतिरिक्ताङ्क ७५

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिएबमोजिमको अध्यादेशहरू सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ :–

२०३० सालको अध्यादेश नं. २

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६५

## न्याय प्रशासनमा सामयिक सुधार गर्न बनेको अध्यादेश

प्रस्तावनाः– सर्वसाधारण जनताको सुविधा कायम राख्न, न्याय छिटो, कम खर्चिलो र सुलभ गराउन र मुद्दामा लाग्ने अनावश्यक समय,श्रम र खर्च बचाइ विकासको काममा लगाउन सकिने अवस्था सृजना गर्नको लागि न्याय प्रशासनमा तत्काल सामयिक सुधार गर्न आवश्यक भएको र हाल राष्ट्रिय पञ्चायतको अधिवेशन नभएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट नेपालको संविधानको धारा ५७ बमोजिम यो अध्यादेश जारी गरिबक्सेको छ ।

### परिच्छेद–१

### प्रारम्भिक

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः– (१) यो अध्यादेशको नाम "न्याय प्रशासन सुधार अध्यादेश, २०३०" रहेको छ ।

(२) यो अध्यादेशको विस्तार नेपाल अधिराज्य भर हुनेछ ।

(३) यो अध्यादेश २०३१ साल वैशाख १ गतेदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा––

(क) "जिल्ला न्यायाधीश" भन्नाले जिल्ला अदालतको अतिरिक्त न्यायाधीशलाई समेत जनाउँछ ।

(ख) "अञ्चल न्यायाधीश" भन्नाले अञ्चल अदालतको अतिरिक्त न्यायाधीशलाई समेत जनाउँछ ।

(ग) "क्षेत्रीय न्यायाधीश" भन्नाले क्षेत्रीय अदालतको मुख्य न्यायाधीश, अतिरिक्त न्यायाधीश र अस्थायी न्यायाधीशलाई समेत जनाउँछ ।

### परिच्छेद–२

### अदालतको स्थापना र गठन

३. जिल्ला अदालत र अञ्चल अदालतको स्थापना र गठनः– (१) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आवश्यक भए अनुसार जिल्ला अदालत र अञ्चल अदालतहरूको स्थापना गर्न सक्नेछ ।

(२) श्री ५ को सरकारले प्रधान न्यायाधीशको सल्लाह लिई उप-दफा (१) अन्तर्गत स्थापित जिल्ला अदालत वा अञ्चल अदालतको संख्यामा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी थपघट गर्न वा तिनको छुट्टै बेञ्चको स्थापना गर्न सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) प्रत्येक जिल्ला अदालत र अञ्चल अदालतमा वा तिनका बेञ्चमा एक जना न्यायाधीश रहनेछ । श्री ५ को सरकारले प्रधान न्यायाधीशको सल्लाह लिई आवश्यक भए जति अतिरिक्त न्यायाधीशको समेत व्यवस्था गर्न सक्नेछ ।

४. क्षेत्रीय अदालतको स्थापना र गठनः– (१) यो अध्यादेश प्रारम्भ भएको मितिदेखि अनुसूची १ मा लेखिएबमोजिम चार वटा क्षेत्रीय अदालतहरूको स्थापना हुनेछ ।

(२) प्रत्येक क्षेत्रीय अदालतमा एक जना मुख्य न्यायाधीश र बढीमा तीन जनासम्म न्यायाधीश रहनेछन् ।

(३) कुनै क्षेत्रीय अदालतमा उप-दफा (२) बमोजिम नियुक्त हुने न्यायाधीश बाहेक आवश्यक भए जति अतिरिक्त न्यायाधीश दफा २३ को उप-दफा (१) बमोजिम नियुक्त हुन सक्नेछ ।

(४) कुनै क्षेत्रीय अदालतमा कार्य बोझ बढ्न आएको अवस्थामा वा कुनै समय न्यायाधीशको कमीले बेञ्चको गठन वा कार्य फछर्यौट गर्न कठिनाइ परेको अवस्थामा पछि आफ्नै पदमा फर्कने गरी केही समयको लागि कुनै अञ्चल न्यायाधीशलाई दफा २३ को उप-दफा (२) बमोजिम सो क्षेत्रीय अदालतको अस्थायी न्यायाधीश भई काम गर्न लगाउन सकिनेछ ।

५. अदालतको अधिकार क्षेत्रको प्रयोगः– (१) कुनै जिल्ला अदालत वा अञ्चल अदालतमा एकभन्दा बढी न्यायाधीश रहेको अवस्थामा प्रत्येक न्यायाधीशले आफू समक्ष पेश भएको मुद्दामा भिन्नाभिन्नै सो अदालतको अधिकार प्रयोग गर्नेछ ।

(२) क्षेत्रीय अदालतको अधिकार क्षेत्रको प्रयोग यो अध्यादेश अन्तर्गत बन्ने नियमबमोजिम सो अदालतको सिंगल बेञ्च वा डिभिजन बेञ्चबाट हुनेछ ।

६. अदालतको इलाका र सदर मुकामः– (१) प्रत्येक जिल्ला अदालत र अञ्चल अदालतको इलाका र सदर मुकाम श्री ५ को सरकारले समय समयमा नपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएबमोजिम हुनेछ ।

(२) क्षेत्रीय अदालतहरूको इलाका र सदर मुकाम अनुसूची २ मा लेखिएबमोजिम हुनेछ ।

तर श्री ५ बाट प्रधान न्यायाधीशसंग परामर्श गरी कुनै क्षेत्रीय अदालतको इलाका र सदर मुकाममा आवश्यकता अनुसार हेरफेर गर्न सकिबक्सनेछ ।

७. सदर मुकाम बाहिर इजलास कायम हुन सक्ने अवस्थाः– दफा ६ मा जुनसुकै कुरा लेखिएको भए तापनि–

(क) कुनै नेपाल कानूनले कुनै कामको सम्बन्धमा सदर मुकामभन्दा बाहिर बसी इजलास कायम गर्ने व्यवस्था गरेकोमा सोहीबमोजिम हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) सर्वोच्च अदालत वा क्षेत्रीय अदालतले आदेश जारी गरी कुनै जिल्ला न्यायाधीश वा अञ्चल न्यायाधीशलाई सोही आदेशमा तोकिएको किसिमको काम वा मुद्दा सोही आदेशमा तोकिएको ठाउँमा बसी कारवाई वा किनारा गर्ने गरी आदेश दिन सक्दछ ।

(ग) कुनै क्षेत्रीय न्यायाधीश आफ्नो इलाकाभित्र दौडाहा गर्न गएको अवस्थामा अरू कुनै ठाउँमा इजलास कायम गरी दफा ५ को उप-दफा (२) को अधीनमा रही क्षेत्रीय अदालतको अधिकारको प्रयोग गर्न पाउनेछ ।

८. भइरहेको जिल्ला अदालत र अञ्चल अदालत यस अध्यादेश अन्तर्गतको मानिनेः– (१) यो अध्यादेश प्रारम्भ हुँदा कायम भइरहेका जिल्ला अदालत र अञ्चल अदालतहरू र तिनका बेञ्च यसै अध्यादेश अन्तर्गतका जिल्ला अदालत र अञ्चल अदालत र तिनका बेञ्च मानिने छन् र तिनका हकमा यो अध्यादेशमा लेखिएका कुरा लागू हुनेछ ।

(२) यस अघि कायम भइरहेका जिल्ला अदालत र अञ्चल अदालतहरूको इलाका र सदर मुकाम श्री ५ को सरकारले अन्यथा व्यवस्था नगरेसम्म साबिकैबमोजिम कायम रहनेछ ।

(३) यस अघि कायम भइरहेका जिल्ला अदालत र अञ्चल अदालतका न्यायाधीश-हरू श्री ५ को सरकारले अन्यथा व्यवस्था नगरेसम्म तत् तत् अदालतका जिल्ला न्यायाधीश र अञ्चल न्यायाधीश मानिनेछन् ।

## परिच्छेद–३

## अदालतको अधिकार क्षेत्र

९. जिल्ला अदालतको शुरू कारवाई र किनारा गर्ने अधिकार क्षेत्रः– यो अध्यादेशमा र प्रचलित अन्य नेपाल कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक जिल्ला अदालतलाई आफ्नो इलाकाभित्रको सबै मुद्दामा शुरू कारवाई र किनारा गर्ने अधिकार हुनेछ ।

१०. अञ्चल अदालतको शुरू कारवाई र किनारा गर्ने अधिकार क्षेत्रः– अञ्चल अदालतलाई देहायका मुद्दामा शुरू कारवाई र किनारा गर्ने अधिकार हुनेछः–

(क) सर्वोच्च अदालत वा क्षेत्रीय अदालतबाट अञ्चल अदालतले शुरू कारवाई र किनारा गर्न तोकी पठाएका मुद्दा,

(ख) कुनै नेपाल कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक सरकारी कामको सम्बन्धमा सरकारी कर्मचारी उपरका मुद्दा वा

(ग) कुनै नेपाल कानूनले अञ्चल अदालतबाट शुरू कारवाई र किनारा गर्ने भनी तोकिदिएका मुद्दा ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११. अदालतको अवहेलनाः– जिल्ला अदालत र अञ्चल अदालतले आ-आफ्नो र क्षेत्रीय अदालतले आफ्नो वा आफ्नो मातहतको अदालतको अवहेलनामा कारबाई चलाउन सक्नेछ र अवहेलना गरेको ठहराएमा क्षेत्रीय अदालतले छ महीनासम्म कैद वा एक हजार रूपैयाँ-सम्म जरिवाना वा दुबै, अञ्चल अदालतले दुई महीनासम्म कैद वा पाँच सय रूपैयाँसम्म जरिवाना वा दुबै र जिल्ला अदालतले एक महीनासम्म कैद वा एक सय रूपैयाँ जरिवाना वा दुबै सजाय गर्न सक्नेछ ।

तर अदालतलाई सन्तोष हुने गरी अभियुक्तले क्षमा याचना गरेमा अदालतले निजलाई क्षमा गर्न वा सजाय तोकी सकेको भए सो सजाय माफ गर्न वा घटाउन सक्नेछ ।

१२. अदालतको निर्णय अन्तिम हुनेः– यो अध्यादेश वा प्रचलित अन्य नेपाल कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक–

(क) मुद्दामा अदालतले गरेको निर्णय अन्तिम हुनेछ र सो निर्णय त्यस मुद्दाका पक्ष-हरूलाई मात्र कर लाग्नेछ ।

(ख) इन्साफमा तल माथि नहुने गरी छुट्टै पर्चा गरी अंक र लेखको सानातिना भूल-सम्म सच्याउन बाहेक एक पटक छिनी सकेको मुद्दा उसै अदालतले दोहोरयाइ हेर्न हुँदैन ।

१३. पुनरावेदनः– (१) दफा ६ अन्तर्गत जिल्ला अदालतले गरेको फैसला वा अन्तिम आदेश उपर देहायका मुद्दामा देहायका अदालतमा पुनरावेदन लाग्नेछः–

(क) झगडा परेको वा दावा गरेको विषयको मोल विगो दश हजार रूपैयाँसम्म भएको मुद्दा वा तीन वर्षसम्म कैद वा तीन हजार रूपैयाँसम्म जरिवाना हुने मुद्दा वा दफा ११ अन्तर्गत सजाय भएको मुद्दामा अञ्चल अदालतमा,

(ख) खण्ड (क) मा लेखिएभन्दा बढी मोल विगो भएको मुद्दा वा बढी कैद वा जरिवाना हुने मुद्दा वा विषयको प्रकृतिले विगो खुल्न नसक्ने सामूहिक कुलो पानी, संधिसर्पन, गौचरसम्बन्धी मुद्दा वा तायदाती नआएको अंश मुद्दा वा नाता सम्बन्ध कायम गराइ माग्ने विषयको मुद्दामा क्षेत्रीय अदालतमा ।

(२) दफा १० र ११ अन्तर्गत अञ्चल अदालतले गरेको फैसला वा अन्तिम आदेश उपर क्षेत्रीय अदालतमा पुनरावेदन लाग्नेछ ।

(३) उप-दफा (१) को खण्ड (क) अन्तर्गत अञ्चल अदालतले पुनरावेदन हेरी गरेको फैसला वा अन्तिम आदेश उपर देहायको कुनै प्रश्नमा प्रत्यक्षतः विवादरहित त्रुटि भई अञ्चल अदालतको निर्णय पूर्ण वा आंशिक रूपमा उल्टिने देखेमा क्षेत्रीय अदालतले आफू समक्ष पुनरावेदन गर्न अनुमति दिन सक्नेछः––

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) अधिकार क्षेत्रको प्रश्न,

(ख) कानूनको व्याख्यासम्बन्धी प्रश्न,

(ग) बुझ्नु पर्ने प्रमाण नबुझेको वा बुझ्न नहुने प्रमाण बुझेको वा जानाजान प्रत्यक्ष खास प्रमाण छाडी इन्साफ तल माथि गरेको भन्ने प्रश्न वा

(घ) बाध्यात्मक रूपमा पालन गर्नु पर्ने कार्यविधिसम्बन्धी कानूनको उल्लंघन भएको प्रश्न ।

(४) उप-दफा (३) अन्तर्गतको मुद्दाको अतिरिक्त अन्य प्रचलित नेपाल कानून अन्तर्गत क्षेत्रीय अदालतमा दोस्रो तह पुनरावेदन लाग्ने व्यवस्था भएकोमा ती ऐनहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि उप-दफा (३) को अधीनमा रही क्षेत्रीय अदालतले पुनरावेदन गर्न अनुमति दिएको मुद्दामा मात्र क्षेत्रीय अदालतमा पुनरावेदन लाग्नेछ ।

(५) क्षेत्रीय अदालतबाट फैसला वा अन्तिम आदेश भएको मुद्दामध्ये देहायका मुद्दामा मात्र सर्वोच्च अदालतमा पुनरावेदन लाग्नेछः–

(क) मृत्यु दण्ड, सर्वस्व सहित जन्म कैद वा जन्म कैदको सजाय हुने मुद्दा,

(ख) संविधानको व्याख्या वा सार्वजनिक महत्वको विषयमा प्रत्यक्षतः गम्भीर कानूनी त्रुटि भएको छ वा मुद्दाको रोहमा एउटा क्षेत्रीय अदालतले गरेको कानूनको व्याख्यासंग अर्को क्षेत्रीय अदालतको व्याख्या वस्तुतः बाझिएकोले सो भिन्नता हटाउनु आवश्यक छ भन्ने आफूलाई चित्त बुझ्ने कारण भई आफू समक्ष पुनरावेदन गर्न पाउने गरी सर्वोच्च अदालतले अनुमति दिएको मुद्दा वा

(ग) दफा ११ अन्तर्गत क्षेत्रीय अदालतले सजाय गरेको मुद्दा ।

१४. साधक जाहेरीः– (१) प्रचलित नेपाल कानूनले साधक सदर गराउनु पर्ने मुद्दामा पुनरावेदन सुन्ने अदालतमा साधक जाहेर गर्नु पर्छ र सो अदालतबाट भएका निर्णय अन्तिम हुनेछ ।

तर मृत्यु दण्ड, सर्वस्व सहित जन्म कैद वा जन्म कैदको सजाय भएको मुद्दाको साधक जाँची अन्तिम निर्णय गर्ने अधिकार सर्वोच्च अदालतको हुनेछ ।

(२) कुनै मुद्दामा क्षेत्रीय अदालतबाट निर्णय हुँदा सो मुद्दा हेर्ने न्यायाधीशहरूको विभिन्न राय भई बहुमत कायम हुन नसकेमा सबै न्यायाधीशको राय सहित सर्वोच्च अदालतमा साधक जाहेर गर्नु पर्छ र त्यसमा सर्वोच्च अदालतबाट भएको निर्णय अन्तिम हुनेछ ।

(३) कुनै क्षेत्रीय अदालतले मुद्दामा निर्णय गर्दा सो मुद्दामा आफूले गरेको कानूनको व्याख्या अन्य कुनै क्षेत्रीय अदालतको व्याख्यासंग वस्तुतः बाझिने ठहऱ्याएमा आफ्नो ठहर निर्णय सहित सर्वोच्च अदालतमा साधक जाहेर गर्नु पर्छ र त्यसमा सर्वोच्च अदालतबाट भएको निर्णय अन्तिम हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१५. पुनरावेदन हेर्ने र साधक जाँच्ने अदालतको अधिकार:—(१) यो अध्यादेश र अन्य प्रचलित नेपाल कानूनले तोकिदिएको बन्देजमा रही पुनरावेदन सुन्ने र साधक जाँच्ने अदालतको अधिकार देहायबमोजिम हुनेछः—

(क) मुद्दामा मुख्य ठहरयाउनु पर्ने विषय खुलाई मनासिब माफिकको समय तोकी मुद्दाको लगत कायमै राखी सो विषयमा कारवाई र किनारा गर्नको लागि तल्लो अदालतमा फिर्ता पठाउने,

(ख) तल्लो अदालतको निर्णय ठहर, सदर, उल्टी वा केही उल्टी गर्ने र

(ग) आफैले बढी सबूद बुझ्ने वा तल्लो अदालतलाई बुझ्न लगाउने ।

(२) उप-दफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा १३ को उप-दफा (३) अन्तर्गत क्षेत्रीय अदालतले र सोही दफाको उप-दफा (५) को खण्ड (ख) अन्तर्गत सर्वोच्च अदालतले पुनरावेदन हेर्दा तत् तत् उप-दफा वा खण्डमा उल्लिखित पुनरावेदन गर्न अनुमति दिन सकिने प्रश्न वा आधारसंग सम्बन्धित कुरामै मात्र सीमित रही निर्णय गर्नु पर्नेछ ।

१६. सर्वोच्च अदालतले मुद्दा झिकाउन सक्नेः— आफ्नो मातहतको कुनै अदालतमा बिचाराधीन रहेको कुनै मुद्दामा संविधानको व्याख्यासम्बन्धी वा त्यस्तै सार्वजनिक महत्वको विषयसम्बन्धी कुनै जटिल कानूनी प्रश्न समावेश छ र सो मुद्दामा इन्साफ दिन उक्त प्रश्न बारे निर्णय गर्नु अत्यन्त जरूरी छ भन्ने सर्वोच्च अदालत आफैले वा पक्षको निवेदनपत्रबाट देखेमा सो मुद्दा आफू समक्ष झिकाइ आफैले अन्तिम निर्णय गर्ने वा कानूनी प्रश्न बारे निर्णय गरी सो निर्णयलाई दृष्टिमा राखी मुद्दा किनारा गर्न मुद्दा झिकाइएको अदालतमा फिर्ता पठाउने अधिकार सर्वोच्च अदालतलाई हुनेछ ।

## परिच्छेद–४

## क्षेत्रीय न्यायाधीशसम्बन्धी व्यवस्था

१७. क्षेत्रीय न्यायाधीशहरूको नियुक्ति, योग्यता र पदावधिः—(१) श्री ५ बाट प्रधान न्यायाधीशसंग परामर्श गरी क्षेत्रीय न्यायाधीशको नियुक्ति गरिबक्सनेछ ।

(२) नेपालको जन्मसिद्ध नागरिक भएको र देहायको योग्यता भएको व्यक्ति मात्र क्षेत्रीय न्यायाधीश नियुक्त हुन योग्य हुनेछः—

(क) कानूनमा स्नातकको उपाधि प्राप्त गरी कानूनी क्षेत्रमा कम्तिमा ५ वर्ष अनुभव प्राप्त गरेको वा नेपाल न्याय सेवाको राजपत्रांकित प्रथम श्रेणी वा सो माथिको पदमा काम गरेको वा

(ख) श्री ५ को बिचारमा कानूनवेत्ता भएको ।

(३) क्षेत्रीय न्यायाधीशहरू ६३ वर्षको उमेर पूरा नभएसम्म आफ्नो पदमा बहाल रहनेछन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर,

(क) क्षेत्रीय न्यायाधीशले श्री ५ को हजूरमा लिखित समावेदन चढाइ आफ्नो पदबाट राजीनामा गर्न सक्नेछन् ।

(ख) कुनै क्षेत्रीय न्यायाधीश कार्य क्षमताको अभाव वा खराब आचरणले गर्दा आफ्नो पदको कर्तव्य पालन गर्न असमर्थ छ भन्ने देखिन आएमा श्री ५ बाट प्रधान न्यायाधीशसंग परामर्श गरी निजलाई सो पदबाट हटाउन सकिबक्सनेछ ।

(ग) खण्ड (ख) बमोजिम कारवाई हुँदा सम्बन्धित न्यायाधीशलाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौकाबाट वञ्चित गरिने छैन ।

(४) क्षेत्रीय न्यायाधीशको पदमा नियुक्त भएको व्यक्तिले आफ्नो पद ग्रहण गर्नु-भन्दा अघि अनुसूची ३ मा लेखिएबमोजिम शपथ लिई वा प्रतिज्ञा गरी सो शपथ वा प्रतिज्ञा-पत्रमा हस्ताक्षर गर्नु पर्नेछ । यसरी शपथ लिने वा प्रतिज्ञा गर्ने कार्य मुख्य न्यायाधीशले प्रधान न्यायाधीशको समक्ष र अन्य न्यायाधीशले सम्बन्धित क्षेत्रीय अदालतका मुख्य न्यायाधीश समक्ष गर्नु पर्नेछ ।

१८. क्षेत्रीय न्यायाधीशको पारिश्रमिकः– (१) मुख्य न्यायाधीशको मासिक पारिश्रमिक सत्रसय रूपैयाँ र अन्य क्षेत्रीय न्यायाधीशको पन्ध्र सय रूपैयाँ हुनेछ ।

(२) निवृत्तभरण पाइराखेको कुनै व्यक्ति क्षेत्रीय न्यायाधीश पदमा नियुक्त भएमा सो पदमा वहाल रहेसम्म निजले सो निवृत्तभरण पाउने छैन ।

१९. क्षेत्रीय न्यायाधीशको सेवा शर्तसम्बन्धी अन्य कुराः– क्षेत्रीय न्यायाधीशको सेवा शर्तसम्बन्धी अन्य कुरा नियमद्वारा निर्धारित हुनेछ ।

२०. मुख्य न्यायाधीश पदमा कायम मुकायम गर्ने व्यवस्थाः– मुख्य न्यायाधीश बिदा बसेको वा अरू कुनै कारणले आफ्नो पदको काम गर्न असमर्थ भएको वा मुख्य न्यायाधीशको पद रिक्त भएकोमा सो पदमा श्री ५ को पूर्व स्वीकृति लिई प्रधान न्यायाधीशले कुनै क्षेत्रीय न्यायाधीश-लाई कायम मुकायम भई काम गर्न तोक्न सक्नेछ ।

२१. क्षेत्रीय न्यायाधीशहरूको सरुवाः– श्री ५ बाट प्रधान न्यायाधीशसंग परामर्श गरी कुनै क्षेत्रीय न्यायाधीशलाई एक क्षेत्रीय अदालतबाट अर्को क्षेत्रीय अदालतमा सरुवा गर्न सकि-बक्सनेछ ।

२२ सर्वोच्च अदालतको न्यायाधीशलाई काजमा खटाउन सकिनेः– (१) श्री ५ बाट प्रधान न्यायाधीशसंग परामर्श गरी आवश्यक भए अनुसार सर्वोच्च अदालतका अतिरिक्त वा अस्थायी न्यायाधीशलाई क्षेत्रीय न्यायाधीशको काम गर्न काजमा खटाउन सकिबक्सनेछ ।

(२) उप-दफा (१) बमोजिम काजमा खटाइएको न्यायाधीशको सम्बन्धमा दफा १७, १८ र १९ को व्यवस्था लागू हुने छैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उप-दफा (१) बमोजिम खटिएको न्यायाधीशले काज खटिएको अदालतको सदर मुकाममा रहँदा दैनिक भत्ता पाउने छैन ।

२३. अतिरिक्त र अस्थायी क्षेत्रीय न्यायाधीशको नियुक्ति:– (१) श्री ५ बाट प्रधान न्यायाधीश-संग परामर्श गरी तोकिएको पारिश्रमिक र सुविधा पाउने गरी तोकिएको अवधिको लागि कुनै क्षेत्रीय अदालतमा आवश्यक भए जति अतिरिक्त क्षेत्रीय न्यायाधीश नियुक्ति गर्न सकिबक्सनेछ ।

(२) श्री ५ को पूर्व स्वीकृति लिई प्रधान न्यायाधीशले तोकिएको पारिश्रमिक र सुविधा पाउने गरी तोकिएको अवधिका लागि कुनै अञ्चल न्यायाधीशलाई कुनै क्षेत्रीय अदालतको अस्थायी न्यायाधीश भई काम गर्न लगाउन सक्नेछ ।

## परिच्छेद–५

## विविध

२४. न्यायाधीश आफैले गर्नु पर्ने काम:– (१) फैसला आदेश गर्ने र बयान बकपत्र गराउने काम न्यायाधीश आफैले गर्नु पर्छ ।

तर,

(क) न्यायाधीशले लेखी वा बोली अदालतको कुनै कर्मचारीबाट फैसला आदेश टाइप गराउन वा टिपाउन हुन्छ ।

(ख) बयान बकपत्र गराउँदा न्यायाधीश आफैले प्रश्न गरी अदालतको कुनै कर्मचारीबाट टिपाउन हुन्छ ।

(२) उप-दफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि न्यायाधीशको अनुपस्थितिमा श्रेस्तेदारले बयान बकपत्र गराउन र थुन छेकको आदेश दिन हुन्छ ।

२५. मातहत अदालत:– अञ्चल अदालतको इलाकाभित्र पर्ने सबै जिल्ला अदालतहरू अञ्चल अदालतको मातहतमा, क्षेत्रीय अदालतको इलाकाभित्र पर्ने सबै अञ्चल अदालत र जिल्ला अदालतहरू क्षेत्रीय अदालतको मातहतमा र नेपाल अधिराज्यको सबै जिल्ला अदालत, अञ्चल अदालत र क्षेत्रीय अदालतहरू सर्वोच्च अदालतको मातहतमा रहनेछन् ।

२६. निर्देशन दिन सक्ने:– न्याय प्रशासनको सुप्रबन्ध एवं सुव्यवस्थाको लागि मातहतका अदालतलाई कुनै कुराको निर्देशन दिन आवश्यक छ भन्ने लागेमा सर्वोच्च अदालत तथा क्षेत्रीय अदालतहरूले आफ्नो मातहतका अदालतहरूलाई प्रचलित कानूनसंग नबाझिने गरी निर्देशन दिन सक्नेछन् र मातहतका अदालतले यस्तो निर्देशन पालना गर्नु पर्नेछ ।

२७. छिन्न बाँकी मुद्दा सर्ने:– (१) यो अध्यादेश प्रारम्भ हुँदा सर्वोच्च अदालतमा दायर भई छिन्न बाँकी रहेका मुद्दा र निवेदनपत्रहरूमध्ये देहायमा लेखिए बाहेक बाँकी सबै मुद्दा र निवेदनपत्रहरू सम्बन्धित क्षेत्रीय अदालतमा सर्नेछन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) नेपालको संविधानको धारा ७१ अन्तर्गत परेका निवेदन,

(ख) सर्वोच्च अदालत ऐन, २०१९ को दफा ६ अन्तर्गतका मुद्दाहरू,

(ग) मृत्यु दण्ड, सर्वस्व सहित जन्म कैद वा जन्म कैदको सजाय हुने मुद्दा,

(घ) नेपालको संविधानको धारा ७२ को खण्ड (ख) अन्तर्गत दोहऱ्याउने आदेश भएका मुद्दाहरू,

(ङ) मुद्दा दोहऱ्याइ हेरी दिनु वा इन्साफ जाँच गरी दिनु भनी श्री ५ बाट हुकुम प्रमाङ्गी भई फुल बेन्चको विचाराधीन रहेका मुद्दाहरू र

(च) माथि खण्ड (ख) देखि (ङ) सम्ममा उल्लेख भएका मुद्दाहरूसंग सम्बन्धित निवेदनपत्रहरू ।

(२) यो अध्यादेश प्रारम्भ हुँदा जिल्ला अदालतको अन्तिम निर्णय उपर तत्काल प्रचलित कानून अनुसार अञ्चल अदालतमा पुनरावेदन परी छिन्न बाँकी रहेको मुद्दाहरू मध्ये झगडा परेको वा दावा गरेको विषयको मोल बिगो दश हजार रूपैयाँभन्दा बढी भएको मुद्दा, तीन वर्षभन्दा बढी कैद वा तीन हजार रूपैयाँभन्दा बढी जरिवाना हुने मुद्दा र झगडाको बिषयको प्रकृतिले बिगो खुल्न नसक्ने सामूहिक कुलो पानी, संधिसर्पन, गौचरसम्बन्धी, तायदाती नआएको अंश मुद्दा र नाता सम्बन्ध कायम गराइ माग्ने विषयको मुद्दाहरू र तत्सम्बन्धी निवेदन पत्रहरू सम्बन्धित क्षेत्रीय अदालतमा सर्नेछन् ।

२८. <u>अध्यादेश जारी हुन अगाडि निर्णय भएका मुद्दाहरूः</u>– (१) यो अध्यादेश प्रारम्भ भएको अघिल्लो दिनसम्म अञ्चल अदालतबाट भएका फैसला वा अन्तिम आदेश उपर यो अध्यादेश प्रारम्भ हुनु अगाडि तत्काल प्रचलित कानून अनुसार सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने व्यवस्था भए जतिमा प्रचलित कानूनको म्यादभित्र क्षेत्रीय अदालतमा पुनरावेदन लाग्नेछ ।

(२) यो अध्यादेश प्रारम्भ भएको अघिल्लो दिनसम्म जिल्ला अदालतबाट भएको फैसला वा अन्तिम आदेश उपर यो अध्यादेश प्रारम्भ हुनु अगाडि तत्काल प्रचलित कानून अनुसार अञ्चल अदातलमा पुनरावेदन लाग्ने व्यवस्था भएका मुद्दामध्ये देहायमा लेखिएका मुद्दामा क्षेत्रीय अदालतमा र अन्य मुद्दामा अञ्चल अदालतमा प्रचलित कानूनको म्यादभित्र पुनरावेदन लाग्नेछ ।

(क) झगडा परेको वा दावा गरेको विषयको मोल बिगो दश हजार रूपैयाँभन्दा बढी भएको मुद्दा,

(ख) तीन वर्षभन्दा बढी कैद वा तीन हजार रूपैयाँभन्दा बढी जरिवाना हुने मुद्दा,

(ग) विषयको प्रकृतिले बिगो खुल्न नसक्ने सामूहिक कुलो पानी, संधिसर्पन, गौचरसम्बन्धी मुद्दा वा

(घ) तायदाती नआएको अंश मुद्दा वा नाता सम्बन्ध कायम गराई माग्ने विषयको मुद्दा ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उप-दफा (१) अन्तर्गत क्षेत्रीय अदालतमा लाग्ने पुनरावेदन सर्वोच्च अदालतमा पनि दर्ता हुन सक्नेछ र त्यसरी दर्ता भएका पुनरावेदन सर्वोच्च अदालतले क्षेत्रीय अदालतमा पठाइ दिनेछ ।

(४) उप-दफा (२) अन्तर्गत क्षेत्रीय अदालतमा लाग्ने पुनरावेदनहरू सम्बन्धित अञ्चल अदालतमा पनि दर्ता गर्न सकिनेछ र त्यसरी दर्ता भएका पुनरावेदनहरू अञ्चल अदालतले क्षेत्रीय अदालतमा पठाइ दिनेछ ।

(५) उप-दफा (१) र (२) अन्तर्गत पुनरावेदन परेका मुद्दाहरूमा र यो अध्यादेश प्रारम्भ भएको अघिल्लो दिनसम्म जिल्ला अदालत र अञ्चल अदालतमा दायर रही छिन्न बाँकी रहेका मुद्दाहरूमा दफा १३ को व्यवस्था लागू हुनेछ ।

२९. नियम बनाउने अधिकारः– (१) यो अध्यादेशको उद्देश्य पूर्ति गर्नको लागि श्री ५ को सरकारले सर्वोच्च अदालतको सल्लाह लिई नियमहरू बनाउन सक्नेछ र त्यस्तो नियम नेपाल राजपत्रमा प्रकाशित गरी लागू गरिनेछ ।

(२) उप-दफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा कुनै प्रतिकूल प्रभाव नपारी खास गरेर देहायका विषयहरूमा नियमहरू बन्न सक्नेछः–

(क) सर्वोच्च अदालत बाहेक अन्य अदालतहरूमा मुद्दा दायर गर्ने, पुनरावेदन दायर गर्ने, निवेदनपत्र दिने र मुद्दासम्बन्धी अरू विषय,

(ख) सर्वोच्च अदालत बाहेक अन्य अदालतको उल्टी पटकको र काम कारवाई-सम्बन्धी अन्य तथ्याङ्क संकलन गर्ने तरीका,

(ग) मुद्दा सार्न सक्ने अवस्था र परिस्थिति,

(घ) क्षेत्रीय अदालतको अधिकार क्षेत्रको प्रयोग सिंगल बेञ्च र डिभिजन बेञ्चले गर्ने बारे,

(ङ) अदालतको काम कारवाईसम्बन्धी अन्य विषयहरू र

(च) क्षेत्रीय न्यायाधीशहरूको सेवाको शर्त ।

३०. बाधा अड्काउ हटाउने अधिकारः– यो अध्यादेश कार्यान्वित गर्न कुनै बाधा अड्काउ परेमा श्री ५ को सरकारले सर्वोच्च अदालतको सल्लाह लिई सो बाधा अड्काउ हटाउनको लागि नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आवश्यक आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यस अध्यादेशमा परे सरह मानिनेछ ।

३१. खारेजी र संशोधनः– (१) अनुसूची ४ मा लेखिएका ऐनहरू सोही अनुसूचीमा लेखिएको हदसम्म खारेज गरिएको छ ।

(२) अनुसूची ५ मा लेखिएका ऐनहरू सोही अनुसूचीमा लेखिएबमोजिम संशोधन गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–१
(दफा ४ को उप-दफा (१) संग सम्बन्धित)

१. पूर्वाञ्चल क्षेत्रीय अदालत ।
२. मध्यमाञ्चल क्षेत्रीय अदालत ।
३. पश्चिमाञ्चल क्षेत्रीय अदालत ।
४. सुदूर पश्चिमाञ्चल क्षेत्रीय अदालत ।

अनुसूची–२
(दफा ६ को उपदफा (२) संग सम्बन्धित)

| क्र.सं. | क्षेत्रीय अदालत | सदर मुकाम | इलाका |
|---|---|---|---|
| १. | पूर्वाञ्चल क्षेत्रीय अदालत | धनकुट्टा | १. मेची अञ्चल<br>२. कोशी अञ्चल<br>३. सगरमाथा अञ्चल |
| २. | मध्यमाञ्चल क्षेत्रीय अदालत | काठमाडौं | १. जनकपुर अञ्चल<br>२. वाग्मती अञ्चल<br>३. नारायणी अञ्चल |
| ३. | पश्चिमाञ्चल क्षेत्रीय अदालत | पोखरा | १. गण्डकी अञ्चल<br>२. धवलागिरि अञ्चल<br>३. लुम्बिनी अञ्चल |
| ४. | सुदूर पश्चिमाञ्चल क्षेत्रीय अदालत | सुर्खेत | १. राप्ती अञ्चल<br>२. कर्णाली अञ्चल<br>३. सेती अञ्चल<br>४. भेरी अञ्चल<br>५. महाकाली अञ्चल । |

अनुसूची– ३
(दफा १७ को उप-दफा (४) संग सम्बन्धित)

क्षेत्रीय अदालतका............न्यायाधीशमा नियुक्त भएको म.........
ईश्वरको नाममा शपथ लिन्छु कि
सत्यनिष्ठा सहित प्रतिज्ञा गर्दछु कि
श्री ५ महाराजाधिराज र मौसूफका उत्तराधिकारीहरू प्रति पूर्णतया बफादार रही मौसूफहरू र नेपालको संविधान प्रति श्रद्धा र निष्ठा राख्नेछु र पूरा तवरले श्रौ श्रद्धापूर्वक आफ्नो सम्पूर्ण योग्यता, ज्ञान र विवेकद्वारा आफ्नो कर्तव्यलाई भय, पक्षपात, लोभ, माया वा द्वेष भाव नगरी पालन गर्नेछु र साथै म संविधान र नेपाल कानूनको मर्यादा कायम राख्नेछु ।

........
हस्ताक्षर

मिति............

अनुसूची–४
(दफा ३१ को उप-दफा (१) संग सम्बन्धित)

| क्र.सं. | ऐनको संक्षिप्त नाम | खारेजी |
|---|---|---|
| १. | न्याय प्रशासन (विविध व्यवस्था) ऐन, २०१८ | सम्पूर्ण |
| २. | छापाखाना र प्रकाशनसम्बन्धी एन, २०१९ | दफा १८ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

२८०

## अनुसूची–५
(दफा ३१ को उप-दफा (२) संग सम्बन्धित)

| क्र.सं. | ऐनको संक्षिप्त नाम | संशोधन |
|---|---|---|
| १. | आवश्यक वस्तु संरक्षण ऐन, २०१२ | दफा ९ को सट्टा देहायको दफा ९ राखिएको छः– "९. मुद्दा हेर्ने अधिकार र पुनरावेदनः– यो ऐन अन्तर्गतको मुद्दा अञ्चलाधीशले हेर्नेछ र त्यस उपरको पुनरावेदन क्षेत्रीय अदालतमा लाग्नेछ ।" |
| २. | नेपाल विशेष अदालत ऐन, २०१३ | दफा ८ मा रहेको "सर्वोच्च अदालत डिभिजन बेञ्च" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ । |
| ३. | विकास समिति ऐन, २०१३ | १. दफा ९ को उप-दफा (३) को प्रतिबन्धात्मक वाक्यांशमा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ ।<br>२. दफा ९ को उप–दफा (४) मा रहेको "सर्वोच्च अदालत" र "प्रधान न्यायाधीश" भन्ने शब्दहरूको सट्टा क्रमशः "क्षेत्रीय अदालत" र "सो अदालतका मुख्य न्यायाधीश" भन्ने शब्दहरू राखिएको छ । |
| ४. | निजामती सेवा ऐन, २०१३ | दफा ९ को उप-दफा (१) मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ । |
| ५. | निकासी पैठारी नियन्त्रण ऐन, २०१३ | दफा ६ को उप-दफा (२) मा रहेको "आय र कर अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ । |
| ६. | रेडियो ऐन, २०१४ | दफा ९ मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ । |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. तथ्याङ्क ऐन, २०१५

दफा १० को उप-दफा (३) को सट्टा देहायको उप-दफा (३) राखिएको छः–

"(३) उप-दफा (१) बमोजिम प्रमुख जिल्ला अधिकारी वा महानिर्देशकले गरेको निर्णय उपर क्षेत्रीय अदालतमा पुनरावेदन लाग्नेछ।"

८. नेपाल औद्योगिक विकास कर्पोरेशन ऐन, २०१६

दफा २३ को उप-दफा (२) मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ ।

९. भ्रष्टाचार निवारण ऐन, २०१७

दफा २८ मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ ।

१०. मादक पदार्थ ऐन, २०१७

दफा १७ ग. मा रहेको "आय र कर अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ ।

११. सरकारी मुद्दासम्बन्धी ऐन, २०१७

दफा ९ पछि देहायको दफा ९क. थपिएको छः–

"९क. सरकारी मुद्दा वापस लिने वा मिलापत्र गर्नेः– प्रचलित नेपाल कानूनबमोजिम श्री ५ को सरकार वादी भई हेरिने वा श्री ५ को सरकारको तर्फबाट चलाइएको वा श्री ५ को सरकार उपर परेको मुद्दा मामिलामा श्री ५ को सरकारको आदेश भएमा सरकारी वकीलले अरू पक्षको सहमतिले त्यस्तो मुद्दा मामिलामा मिलापत्र गर्ने वा अदालतको मञ्जूरीले त्यस्तो मुद्दा मामिलामध्ये श्री ५ को सरकार वादी भएको फौजदारी मुद्दा मामिला वापस लिन हुन्छ र सो भएमा देहायका कुरामा देहायबमोजिम हुनेछ :–

(क) मुद्दा मामिला मिलापत्र गरेकोमा कसैलाई बक्सौनी लाग्ने छैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) मुद्दा मामिला वापस लिएकोमा फौजदारी अभियोग वा सरकारी दावी समाप्त भई प्रतिवादीले फुर्सत पाउँछ ।

तर कुनै गैर सरकारी व्यक्तिको सम्पत्ति सम्बन्धी कुरामा असर पर्ने रहेछ भने त्यस्तो मुद्दा मामिला यस दफाबमोजिम अदालतबाट वापस लिन दिन हुँदैन ।"

१२. जासूसी ऐन, २०१८ — दफा १० मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ ।

१३. राजकाज (अपराध र सजाय) ऐन, २०१९ — दफा १० को उप-दफा (३) मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ ।

१४. छापाखाना र प्रकाशनसम्बन्धी ऐन, २०१९ — दफा १७, २१ र २९ मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ ।

१५. छापाखाना र प्रकाशन रजिष्ट्रेशन ऐन, २०१९ — दफा २० मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ ।

१६. हातहतियार खरखजाना ऐन, २०१९ — दफा २४ को उप-दफा (२) मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ ।

१७. हुलाक ऐन, २०१९ — दफा २२ को उप-दफा (३) को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (ख) मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ ।

१८. संघ संस्था (नियन्त्रण गर्ने) ऐन, २०१९ — दफा ४ मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८३

| | |
|---|---|
| १९. रेल्वे ऐन, २०२० | दफा १७ मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ । |
| २०. साझेदारी ऐन, २०२० | दफा ४७ मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ । |
| २१. वाणिज्य बैंक ऐन, २०२० | दफा ४७ मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ । |
| २२. नेपाल नागरिकता ऐन, २०२० | दफा १ को उप-दफा (४) मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ । |
| २३. छात्रवृत्ति ऐन, २०२१ | दफा ६ को उप-दफा (२) मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ । |
| २४. कम्पनी ऐन, २०२१ | दफा १४६ को उप-दफा (३) मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ । |
| २५. नेपाल भाषा प्रकाशन संस्थान ऐन, २०२१ | दफा २९ को उप-दफा (३) मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ । |
| २६. संस्थान ऐन, २०२१ | दफा १५ को उप-दफा (३) मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ । |
| २७. उखडा ऐन, २०२१ | दफा ८ को उप-दफा (३) मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ । |
| २८. राप्तीदून विकास क्षेत्रको जमीन (बिक्री वितरण व्यवस्था) ऐन, २०२४ | दफा ६ मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ । |

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | |
|---|---|
| २९. चलचित्र निर्माण, प्रदर्शन तथा वितरण ऐन, २०२६ | दफा १२ को उप-दफा (२) मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ । |
| ३०. नेपाल अधिराज्यको व्यापारिक पानी जहाजको झण्डासम्बन्धी ऐन, २०२७ | दफा १० को उप-दफा (४) मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ । |
| ३१. नेपाल पानी जहाज (प्रमाणपत्र र रोजनामचा) ऐन, २०२७ | दफा १८ को उप-दफा (४) मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ । |
| ३२. पानी जहाज दर्ता ऐन, २०२७ | दफा २६ को उप-दफा (४) मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ । |
| ३३. सञ्चार संस्थान ऐन, २०२८ | दफा ३४ को उप-दफा (२) मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ । |
| ३४. स्थानीय प्रशासन ऐन, २०२८ | दफा ८ को उप-दफा (५) मा रहेको "आय र कर अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ । |
| ३५. औद्योगिक व्यवसाय ऐन, २०३० | (१) दफा १८ को उप-दफा (२) को देहाय (क) मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "सर्वोच्च अदालत वा क्षेत्रीय अदालतका" भन्ने शब्दहरू राखिएको छ ।<br>(२) दफा १२ को उप-दफा (६) मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ । |

आज्ञाले—

लालमोहर सदर मिति— २०३०।१२।२०।३

चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८२